# कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०८०

**प्रस्तावना**:-स्थानिय सरकार औरही नगरपालिका महोत्तरीबाट कृषि विकासको लागि उपल्बध गराईने अनुदान र खर्चलाई व्यवस्थित पारादर्शी प्रभावकारी,अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले यस स्थानिय सरकार औरही नगरपालिका २०८० ले दिएको अधिकार प्रयोग गरि देहायको कार्यविधि बनाएको छौ ।

१ **संक्षिप्त नाम र प्रारम्भ**:(१) यस कार्यविधिको नाम कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०८० रहेका छ ।

२. यो कार्यविधि स्थानिय सरकार औरही नगरपालिका महोत्तरी बाट स्वीकृत भएको मितिबाट लागू हुने छ ।

(क)"अनुदान"भन्नाले स्थानीय सरकार औरही नगरपालिका बाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम कृषि उत्पादन,कृषि यान्त्रिकरण, सिचाँई समेतका लागि अनुदान ग्राही लाई प्रदान गरिने नगद,वा सहुलियतमा दिईने कृषि सामग्री र उपकरण समेत सम्झनु पर्छ ।

(ख)"अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका नेपालि कृषक, कृषि उधमी, कृषि व्यवसायी,कृषि उधोगी,कृषक समुह,कृषि सहकारी,कृषि संग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम"भन्नाले यस औरही नगरपालिकाको स्वीकृत कार्यक्रम संचालन हुने अनुदान प्रवाह सम्वन्धि कियाकलाप सम्झनु पर्दछ ।

(घ)"कर्यालय"भन्नाले औरही नगरपालिकाको कार्यपालिका अन्तर्गतका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्दछ ।

(ङ)"कृषि"शब्दले वालि,बागबानी, पशुपंछी,माछा,आदी कृषिका सवै उप-क्षेत्रसंग सम्वद्ध उत्पादन एवं व्यवसाय समेत जनाउँ छ ।

(च)"कृषिसामग्री"भन्नाले कषि उत्पादनमा प्रयोग हुने मल,विउ,बेर्ना,नश्ल,मत्स्य,बिज,सिमेन,कामोमिल्ट भ्रूण,खोप,पशुअहार तथा दनाजन्य पदार्थ,औषधि तथा विषादी,जैविक पदार्थ,हर्मोन,कृषि चुन तथा रसायन,सेनिटाईजर,डि.सईन्फेक्ट पोषक तथा सुक्षम तत्व, कृषि औजार,उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य वस्तु समेत लाई जनाउँ छ ।

(छ "स्वचालित कृषि यान्त्रिकरण"यसले कृषि उत्पादनमा प्रयोग गरिने मेसिन,पम्पसेट,पावरटिलर,मिनिटिलर,ट्रेक्टर,मोटर,अन्य उपकरण लाई जनाउँ छ ।

(ज)"सिचाँई"भन्नाले कृषि उत्पादनमा प्रयोग गरिने पानी लाई जनाउँ छ । त्यसमा सतह सिचाँई,ईनार,कुवा, स्यालोटुवेल,डिपटूवेल, वोरीङ्ग समेत लाई जनाउँ छ ।

(झ) "निर्देशक समिति" भन्नाले यस औरही नगरपालिकाको कृषि समितिलाई सम्झनु पर्छ ।

३. अनुदान उपलब्ध गराउँन सकिने:

१.यस औरही नगरपालिकाले विनियोजित गरेको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको लागि अनुदान उपलब्ध गराउँन सकिनेछ ।

२.अनुदान प्रवाह गरिने क्षेत्रहरु देहाय बमोजिम हुने छ ।

(क) जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु

(ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु

(ग) कृषि व्यवसाय प्रवर्द्धन लक्षित कार्यकहरु

(घ) कृषि जन्य उधोग प्रवर्धन तथा कृषि पुर्वाधार विकास लक्षित कार्यक्रमहरु

३. २ मा उल्लेखित विभिन्न क्षेत्रमा दिइने अनुदानको विवरण तथा खर्च गर्ने नर्म्सको सिमा अनुसुची १ मा दिएको छ ।

४. **अनुदान ग्राहिको छनोट :**

१ यस औरही नगरपालिकाको कार्यालयको सर्वजनिक रुपमा सूचना प्रकाशन गरि यस कार्यविबिमोजि अनुदान प्राप्त गर्न चाहने अनुदान ग्राहिवाट अनुदाको लागि समान्यता ७ दिने १५ दिने भित्र आवेदन माग गर्ने छ ।

२. अनुदान सम्वन्धि प्राविधिक मापदण्ड, सूचना प्रकाशन आवेदन प्रस्तावको मूल्यङकन र छनोट सम्बन्धि प्राविधिक मापदण्ड तथा संचालन विधि यस औरही नगरपालिकाको कृषि समितिले स्वीकृत गर्ने छ

३.विद्युतिय मोटर वितरण प्रकृया : यस औरही नगरपालिकाको वडा न.१,२,७,८,९ का कृषक,कृषक समूह,कृषि सहकारी,संघसंस्था लाई ४ विघा जग्गामा पानीका श्रोत भएको साथै विद्यूतिय सेवा पहूँच भएको कृषकलाई २ h.p को मोटर ७५% अनुदानमा दिने प्रबधान राखेको छ ।

४.स्यालो टूवेल जडानः-यस औरही नगरपालिकाको सवै वडा मा सिचाँई न पुगेको क्षेत्रका कृषक,कृषक समूह,कृषि सहकारी,संघसंस्था,कृषकलाई ४ विधामा १ (एक) स्यालो टूवेलको सम्पूर्ण सामग्रीहरु र गाडने खर्च एकमुस्ट रु ७०००।-सात हजार (खर्च विवरण विल,भरपाईको अधारमा) भुक्तानी दिने साथै ७५% अनुदानमा २ h.p को १ (एक) थान मोटर समेत दिने ।

५. स्वचालित कृषि यान्त्रिकरण वितरण ५०% अनुदानमा :- यस औरही नगरपालिकाको तरकारी वाली खेति गर्ने कृषक समूहमा सानो पावर टिलर,मिनि टिलर, ४ विघा जग्गामा १ (एक) थान र तरकारी तथा खाधान्न बाली खेतिगर्ने कृषक समूहलाई २२ h.p देखि ३५h.p ट्रेक्टर ७ देखि १५ विघा जग्गामा सहयोगि उपकरण सहित वितरण गर्ने ।

६. गोठ सुधारको लागि छनोट :- यस औरही नगरपालिका सवै वडा मा दर्ता भएको कृषक समूह का पशुपालक, कृषक लाई समूहमा ५ वटाको दरले कृषकको २५% र न.पा.को ७५% अनुदान सहयोगमा बनाउने ।

५ अनुदान रकमको सिमा : यस महोत्तरी जिल्लाको औरही नगरपालिका बाट उपलब्ध गराइने अनुदान रकमको अनुसूचि १ बमोजिम दिइने छ ।

६. जिन्सी समान, उपकरण,मेसिनरी,कृषि सामग्री, पशु लगायत हकमा सर्वजनिक खरिद ऐन २०६३ तथा सर्वजनिक खरिद, नियमावली,२०६४ मा व्यवस्था भए बमोजिम रहने छ ।

७. विवरण प्रकाशन गर्नु पर्ने : अनुदान ग्राहिलाइ अनुदान उपलब्ध गराउने अनुदान सम्बन्धि विवरण वेबसाईट मा नियमित रुपमा अधावधिक गरि प्रकाशन गर्नुपर्ने छ ।

८.असुल उपर गर्नुपर्ने : कार्यालयले यस कार्यविधि बमोजिम प्रदान भएको अनुदान रकमको हिनामिना भएको प्रमाणित भएमा सम्वन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम असुल उपर गर्ने छ । विपत वा कुने प्रकारको काबु वाहिरको परीस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित विवरण मुचुल्का,स्थानिय तहको सिफारिस र प्रहरीको प्रतिवेदन समेत १५ दिन भित्र अनुदान प्राप्त गरेको निकायमा लिखित सूचना दिनुपर्ने छ । यस्तो विवरण कृषकलाई कारवाहिबाट बचाउ गर्न प्रयोग गर्न सकिने छ ।

९.समझौता गर्ने निकाय :कार्यकम संचालन गर्ने अखित्यार प्राप्त कार्यालयले कार्यकम संचालन सम्झौता गर्ने छ ।

१०.निर्देशक समितिः-(१) अनुदान प्रकृया सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहने छ ।

१ श्री प्रमुख प्रशासाकिय अधिकृत — संयोजक
२ श्री कृषि विकाश शाखा — सदस्य सचिव
३.श्री पशु विकास शाखा — सदस्य
४.श्री लेखा शाखा — सदस्य
५.श्री स्टोर तथा जिन्सी शाखा — सदस्य
६ प्राविधिक शाखा — सदस्य

औरही नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

## अनुसुची (१) कृषि कार्यकम संचालन औरही नगरपालिका महोत्तरी २०८०

| क.स | कार्यक्रमहरु | सरकारी खर्च अनुदानको अधिकतम सिमा औ.न.पा को | कैफियत ,कृषकको सहभागिता । |
|---|---|---|---|
| १ | विद्युतिय मोटर वितरण | ७५% रकम औरही न.पा.को अनुदान | २५%कृषकको सहभागिता रकम जम्मा गर्नपर्ने । |
| २ | स्यालो टूवेल जडान | जडान सामग्री न.पा.ले व्यहोर्ने( पाईप,मोटर,अन्य)र रु ७,०००।- नगरपालिकाले जडान खर्च वापत अनुदान दिने । | बाँकी जडान खर्च कृषकले आफै व्यहोर्ने । |
| ३ | ट्रेक्टर,पावरटिलर,मिनिटिलर,सहयोगि उपकरण समेत | यसमा ५०%मा नबढाइ खर्च गर्ने । | कृषकले कृषि यान्त्रिकरण सामग्रि खरिदमा ५०% व्यहोर्ने ! |
| ४ | गोठ सुधार | नगर पालिकाले ७५% खर्च व्यहोर्ने । | कृषकले २५% सहभागिता जनाउने । |